कार्यपालिका बैठक
मिति २०८२/१०/२९
संख्या: ७-२०८२/०८३

आज मिति २०८२ साल माघ २९ गते बिहिबारका दिन बिहान ८:०० बजे हरिहरपुरगढी गाउँपालिका, गाउँ कार्यपालिकाको सातौं बैठक गाउँपालिका अध्यक्ष श्री बज्रध्वज वाईवाज्यूको अध्यक्षतामा वसी तपसिलमा उल्लेखित प्रस्तावहरु माथी छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| | |
|---|---|
| श्री वज्रध्वज वाईवा | अध्यक्ष |
| श्री चेख वहादुर थिङ | उपाध्यक्ष |
| श्री जित वहादुर थिङ | वडा अध्यक्ष |
| श्री विश्व राई | वडा अध्यक्ष |
| श्री कुल वहादुर भोलन | वडा अध्यक्ष |
| श्री कमल कुमार राई | वडा अध्यक्ष |
| श्री साईला लामा | वडा अध्यक्ष |
| श्री यक वहादुर मुक्तान | वडा अध्यक्ष |
| श्री विच वहादुर मुक्तान | वडा अध्यक्ष |
| श्री धन वहादुर मुक्तान | वडा अध्यक्ष |
| श्री सन्तली राई दनुवार | कार्यपालिका सदस्य |
| श्री मोहनकाजी विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री छलिमाया मुक्तान | कार्यपालिका सदस्य |
| श्री दुर्गामाया विक | कार्यपालिका सदस्य |
| श्री सोमीमाया रानामगर | कार्यपालिका सदस्य |
| श्री दिल कुमारी कामी | कार्यपालिका सदस्य |
| श्री सन्तोष सुवेदी(प्रमुख प्रशासकीय अधिकृत) | सदस्य सचिव |

सहयोगी

| | |
|---|---|
| श्री किरण राई | अधिकृत छैठौं |

**प्रस्तावहरु:**

१. प्रतिनिधि सभा निर्वाचन २०८२ एवं निर्वाचन आचार संहिता अनुगमन समिति सम्बन्धमा।

२. "घ" वर्ग इजाजत दिने सम्बन्धमा।

३. संघीय समपूरक योजना माग सम्बन्धमा ।

४. संघीय विशेष योजना माग सम्बन्धमा।

५. तह वृद्धि अनुमोदन सम्बन्धमा।

६. राष्ट्रिय रोजगार कार्यक्रम स्वीकृत सम्बन्धमा।

७. घरभाडा सम्बन्धमा।

८. कार्यविधि पारित तथा संशोधन सम्बन्धमा।

९. आ.व. २०८२/०८३ को लागि पाईप खरिद सम्बन्धमा।

१०. बागमती प्रदेश सरकारबाट हस्तान्तरित कृषि तर्फको कार्यक्रम कार्यान्वयनका लागि मुल्याङ्कन समिति गठन गर्ने सम्बन्धमा।

११. कृषि विकास कार्यालय सिन्धुलीको विशेष पकेट क्षेत्र निर्धारणको लागि अनुरोध पत्र पेश गर्ने सम्बन्धमा।

१२. शिक्षा समितिको बैठक अनुमोदन सम्बन्धमा।

१३. रोजगार संयोजक परीक्षाको लागि संयोजक तोक्ने सम्बन्धमा।

१४. योजना कार्यान्वयन सम्बन्धमा

१५. बजार घरको लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा।

१६. विविध।

**निर्णयहरु:**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा, (क) आसन्न प्रतिनिधि सभा निर्वाचन, २०८२ का सम्बन्धमा निर्वाचन आचार संहिता, २०८२ यस गाउँपालिकाको जनप्रतिनिधि तथा कर्मचारीहरुले पूर्ण रुपमा पालना गर्ने/गराउने निर्णय गरियो।

(ख) आसन्न प्रतिनिध सभा निर्वाचन २०८२ लाई निष्पक्ष भयरहित र व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि मतदाता शिक्षा, आचार संहिता पालन अनुगमन, मतदान केन्द्र व्यवस्थापन तथा सञ्चालन गर्नको लागि एक स्थानीय तह स्तरिय अनुगमन समिति तपसिल बमोजिम गठन गर्ने निर्णय गरियो। साथै मतदाता शिक्षा कार्यक्रम, अनुगमन भत्ता खाना/खाजा गाउँपालिकाको स्रोतबाट व्यहोर्ने गरि बजेट व्यवस्थापन गर्ने निर्णय गरियो।

तपसिल

क) सन्तोष सुवेदी (प्रमुख प्रशासकीय अधिकृत) - संयोजक

ख) रामेश्वर पुडासैनी (निर्वाचन सम्पर्क व्यक्ति) - सदस्य
ग) किरण राई (अधिकृत छैठौं) - सदस्य
घ) महेश कुमार राई (योजना शाखा प्रमुख) - सदस्य
ङ) यम कुमार आछामे (शिक्षा शाखा) - सदस्य

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा, यस हरिहरपुरगढी गाउँपालिकाको कार्यालयमा "हरिहरपुरगढी निर्माण तथा सप्लायर्स प्रा.लि.", हरिहरपुरगढी गाउँपालिका वडा नं. ३ को निवेदन अनुसार र आवश्यक कागजातहरुको आधारमा उक्त संस्थालाई "घ" वर्गको इजाजात दिई दर्ता गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा, संघीय समपुरक अनुदान अन्तर्गत प्राप्त हुने योजनाको लागि तपशिलमा उल्लेखित योजना हरिहरपुरगढी गाउँपालिकाको महत्वपूर्ण योजना भएकोले उक्त योजना आ.व. २०८३/०८४ मा कार्यान्वियनका लागि राष्ट्रिय योजना आयोग समक्ष माग गर्ने निर्णय गरियो।

तपसिल

क्रमागत

| योजनाको नाम | जम्मा लागत | संघीय सरकारवाट व्यहोर्ने रु. (७०%) | गाउँपालिकाले व्यहोर्ने रु. (३०%) | कैफियत |
|---|---|---|---|---|
| भुताहा अँधेरी बरुण सडक स्तरोन्नती (हरिहरपुरगढी गाउँपालिका वडा नं. ७ सिन्धुली) | २,७८,१३,८३०।- | १,९४,६९,६८१।- | ८३,४४,१४९।- | क्रमागत |

नयाँ माग

| क्र.सं. | योजनाको नाम | जम्मा लागत | संघीय सरकारवाट व्यहोर्ने रु. (७०%) | गाउँपालिकाले व्यहोर्ने रु. (३०%) | कैफियत |
|---|---|---|---|---|---|
| १ | कौवा पर्यटकिय क्षेत्र देखि राँगेचुरी धिमिले जाने सडक स्तरोन्नती (हरिहरपुरगढी गाउँपालिका वडा नं. ६ र ८ सिन्धुली) | ६,१६,९५,९९१।- | ४,३१,८७,१९३।- | १,८५,०८,७९८।- | १ वर्षको लागि |
| २ | पथराही देखि धुम्मे केवनचुली जाने सडक स्तरोन्नती | ६,६८,८५,८३१।- | ४,६८,२०,०८२।- | २,००,६५,७४९।- | १ वर्षको लागि |

| योजनाको नाम | जम्मा लागत | संघीय सरकारवाट व्यहोर्ने रु. (७०%) | गाउँपालिकाले व्यहोर्ने रु. (३०%) | कैफियत |
|---|---|---|---|---|
| (हरिहरपुरगढी गाउँपालिका वडा नं. ७ सिन्धुली) | | | | |

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा, आ.व. २०८३/०८४ को संघीय विशेष अनुदान अन्तर्गत प्राप्त हुने योजनाको लागि तपशिलमा उल्लेखित योजनाहरु राष्ट्रिय योजना आयोग समक्ष पेश गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | योजनाको नाम | जम्मा लागत | संघीय सरकारवाट व्यहोर्ने रु. |
|---|---|---|---|
| १ | हरिहरपुरगढी गाउँपालिका भित्रका विभिन्न खानेपानी योजनाहरु निर्माण (हरिहरपुरगढी गाउँपालिका वडा नं. १-८, सिन्धुली) | २,९१,७७,००८।- | २,९१,७७,००८।- |
| २ | हरिहरपुरगढी गाउँपालिकाका विभिन्न विद्यालय घेराबेरा निर्माण (हरिहरपुरगढी गाउँपालिका वडा नं. १-८, सिन्धुली) | २,७५,५२,२४८।- | २,७५,५२,२४८।- |

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा, गाउँपालिकाको सू.नं. ७८ मिति २०८२।०९।०१ गते प्रकाशित तह वृद्धिको सूचना अनुसार बागमती प्रदेश सरकारद्धारा जारी स्थानीय सेवा (गठन तथा सञ्चालन ) ऐन २०७९ को दफा ९ को उपदफा (२) बमोजिम तोकिएको सेवा अवधि पुरा गरी तोकिएको समयावधि भित्र कर्मचारी प्रशासन शाखामा पेश भएका तपसिलमा कार्यरत कर्मचारीहरुको बागमती प्रदेश सरकारद्धारा जारी स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ को दफा ३० बमोजिमको पदमा र दफा ९(२) बमोजिमको पदमा मिति २०८२।१०।०१ बाट तह वृद्धिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

कार्यपालिका बैठक
मिति २०८२/१०/२९
संख्याः ७-२०८२/०८३

तपसिल

| साविकको पदमा कार्यरत कर्मचारीको विवरण | तह वृद्धि गरिएको पद/तह |
|---|---|
| नामः रामेश्वर पुडासैनी(क.सं.नं. २४१६४५)<br>सेवा/समूह/उपसमूहः शिक्षा/शिक्षा प्रशासन<br>पदः प्राविधिक सहायक<br>तह/श्रेणीः सहायक पाँचौ<br>कार्यरत कार्यालयः हरिहरपुरगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुली । | नामः रामेश्वर पुडासैनी(क.सं.नं. २४१६४५)<br>सेवा/समूह/उपसमूहःस्थानीय शिक्षा/जनरल एजुकेशन<br>पदः सहायक विद्यालय निरीक्षक<br>तहः अधिकृत छैटौं<br>जेष्ठता लागु हुने मितिः २०८२।०४।११<br>पदस्थापन भएको कार्यालयः हरिहरपुरगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुली । |

| साविकको पदमा कार्यरत कर्मचारीको विवरण | तह वृद्धि गरिएको पद/तह |
|---|---|
| नामः ज्ञानेन्द्र नेपाल(क .सं.नं. २४१५२३)<br>सेवा/समूह/उपसमूहःइन्जिनियरिङ्ग/सिभिल/स्यानेट री<br>पदः खानेपानी तथा सरसफाई टेक्निसियन<br>तह/श्रेणीः सहायक चौथो<br>कार्यरत कार्यालयःहरिहरपुरगढी गाउँपालिकाको कार्यालय सिन्धुली | नामः ज्ञानेन्द्र नेपाल(क .सं.नं. २४१५२३)<br>सेवा/समूह/उपसमूहःइन्जिनियरिङ्ग/सिभिल/ स्यानेटरी<br>पदः सब-इन्जिनियर<br>तहः सहायक पाँचौ<br>जेष्ठता लागु हुने मितिः २०८२।०३।०२<br>पदस्थापन भएको कार्यालयः हरिहरपुरगढि गाउँ पालिका गाउँ कार्यपालिकाको कार्यालय सिन्धुली । |

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा, आ.व.२०८२/०८३ का लागि यस गाउँपालिकामा संचालन भएको राष्ट्रिय रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाहरुको विवरण देहाय वमोजिम स्वीकृत गर्ने निर्णय गरियो।

तपसिल

| वडा नं | योजनाको नाम | बजेट | कैफियत |
|---|---|---|---|
| १ | १. सुकजंग देखि आकाशेडाँडा गोरेटो बाटो मर्मत तथा टेङभिर खानेपानी मर्मत | ४,९९,४००/- | |

कार्यपालिका बैठक
मिति २०८२/१०/२९
संख्या: ७-२०८२/०८३

| वडा नं | योजनाको नाम | बजेट | कैफियत |
|---|---|---|---|
| | २. जितपुर धारापाखा गोरेटो बाटो मर्मत | ३,३०,०००/- | |
| २ | १. बन्चरे सडक, बखफर सडक, जखौली वाल, वि. क. टोल साझेदारी | ८,२९,४००/- | |
| | २. रतनपुर जाली, कुलो सरसफाई, बार्ना खोल्सी साझेदारी | ५,२७,८००/- | |
| | ३. श्रीपुर कुलो,चौरीटोल सडक, चैनपुर कुलो निर्माण | ४,५२,४००/- | |
| ३ | १. माथिल्लो सोकन दुधौली खोल्सी कल्भड-साझेदारी | १,५०,०००/- | |
| | २. लामा डाँडा हुदै त्रिपासा सम्म गोरेटो बाटो निर्माण | १,००,०००/- | |
| | ३. राजकुमार राईटोल सडक घण्टे | १,००,०००/- | |
| | ४. घण्टे माडी तमोरखोला सिचाई | २,५३,२००/- | |
| ४ | १. झ्याडी फाँट सिंचाई कुलो मर्मत | ५,२७,८००/- | |
| ५ | १. बाघखोर धनमना गल्छी डोटे बयरघारी लाटिखोला सडक | ४,१४,७००/- | |
| | २. मिलनचोक पान्तले जोरसिमल तामाजोर सिरान सम्म सडक | ४,१४,७००/- | |
| ६ | १. कौवाखोला पर्ता ठुलोकौवा सडक स्तरोन्नती | ७,५४,०००/- | |
| ७ | १. भुताहा देखि अधेरी जोड्ने सडक स्तरोन्नती | २,२६,२००/- | |
| ८ | १. बाहुन डाँडा कालिखोला सडक ढलान | ५,००,०००/- | |
| | २. तल्लो पान्तले धारा जाने बाटो तथा खेलमैदान जाने सडक स्तरोन्नती | २,५४,०००/- | |
| | जम्मा | ६३,३३,६००।- | |

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा, यस हरिहरपुरगढी गाउँपालिका कार्यलायको स्टोर प्रयोजनको लागि वडा नं. २ झनझने स्थित जुन्तरी माया भोलनको घर मिति २०८२/०९/०१ गते देखि भाडा लिने सम्झौता गरि प्रयोग गरिरहेकोमा मिति २०८२ माघ मसान्त सम्मको सम्झौता बमोजिमको रकम भुक्तानी गर्ने तथा हाल अव उप्रान्त उक्त स्थान आवश्यक नभएकोले घर भाडा सम्झौता रद्द गर्ने निर्णय गरियो।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा, यस हरिहरपुरगढी गाउँपालिकाको विधेयक समितिलाई कार्यविधि र रणनीति तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति दिए अनुसार तयार भएको तपशिल अनुसारका कार्यविधी र रणनीति पारित गर्ने निर्णय गरियो। साथै तपसिल बमोजिमको कार्यविधिहरु संशोधन गर्ने निर्णय गरियो।

CamScanner

कार्यपालिका बैठक
मिति २०८२/१०/२९
संख्या: ७-२०८२/०८३

## पारित

क) बिस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) छनौट तथा व्यवस्थापन कार्यविधि २०८२

ख) हरिहरपुरगढी गाउँपालिकाको भू-उपयोग कार्यविधि, २०८२

## संशोधन

क) हाट बजार संचालन तथा व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका २०८२

ख) "घ" बर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (पहिलो संशोधन) कार्यविधि २०८२

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा, यस गाउँपालिकको आ.व. २०८२/०८३ मा विभिन्न वडाहरुको लागि तपसिल बमोजिम विनियोजित भएको पाईप तथा मोटर खरिद गर्नको लागि मूल्यमा एक रुपता ल्याउनको लागि गाउँपालिकाबाट निश्चित मापदण्ड तयार गरि विनियोजित योजनाको पाईप तथा मोटरहरु उपभोक्ता समिति मार्फत नै खरिद गर्ने निर्णय गरियो।

तपसिल

| क स | योजनाको नाम | वडा नं | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ३ नं वडा पाईप खरिद | ३ | ३००००० | |
| २ | गुर्जी मैनाटार लिफ्ट मोटर पाईप | ३ | १५०००० | |
| ३ | आँपटार खानेपानी | ५ | २००००० | |
| ४ | धुलौटा अधुरो खानेपानी | ५ | २००००० | |
| ५ | मिलन चोक खानेपानी | ५ | २००००० | |
| ६ | सिन्धुरे घारी खानेपानी | ५ | १००००० | |
| ७ | ठुलोकौवा पाइप खरिद | ६ | १००००० | |
| ८ | कुल्टीङ खानेपानी पाइप खरिद | ६ | १००००० | |
| ९ | झप्सी खानेपानी टयाङ्की निर्माण तथा पाइप खरिद | ६ | ४००००० | |
| १० | ठुलोकौवा खानेपानी सामाग्री खरिद | ६ | ३००००० | |
| ११ | बेसिटोल खानेपानी पाइप खरिद | ६ | १००००० | |
| १२ | भिमान खानेपानी पाइप खरिद | ६ | १००००० | |
| १३ | ठुलो धुम्मे खानेपानी | ७ | १००००० | |
| १४ | तल्लो पथराही खानेपानी | ७ | १५०००० | |
| १५ | बलडाँडा खानेपानी | ७ | २००००० | |
| १६ | रायटोल माथिल्लो पथराही खानेपानी | ७ | २००००० | |

CamScanner

| क स | योजनाको नाम | वडा नं | रकम | कैफियत |
|---|---|---|---|---|
| १७ | सानोधुम्मे खानेपानी | ७ | १००००० | |
| १८ | पथराही फाँट सिंचाई पाइप खरिद | ८ | ४००००० | |
| १९ | बाहुनडाँडा समरसेल सिंचाई मोटर खरिद | ८ | २००००० | |
| २० | वडा नं ८ को सिंचाई तथा खानेपानीको लागि पाइप र मोटर खरिद | ८ | ५००००० | |
| | जम्मा | | ४१००००० | |

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा, बागमती प्रदेश सरकारको कृषि सम्बन्धी कार्यक्रम सञ्चालन गर्न बनेको स्थानीय तहमा सशर्त अनुदान अन्तरगत कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को परिच्छेद २ को दफा ६ बमोजिम प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गर्न आर्थिक विकास समिति संयोजकको संयोजकत्वमा प्रमुख प्रशासकीय अधिकृत, आर्थिक विकास शाखा प्रमुख, पशु सेवा शाखा प्रमुख सदस्य र कृषि विकास शाखा प्रमुख वा प्राविधिक सदस्य सचिव रहने एक मूल्याङ्कन समिति गठन गर्ने निर्णय पारित गरियो।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा, कृषि विकास कार्यालय सिन्धुलीको मिति २०८२/१०/२६ चलानी नं. ३९६ को प्राप्त विशेष पकेट क्षेत्र निर्धारणको लागि अनुरोध पत्र पेश गर्ने सम्बन्धी सूचना बमोजिम यस हरिहरपुरगढी गाउँपालिकाको वडा नं. १, ३ र ५ को महाभारत रेन्ज समिटिने गरि सिन्धुली जिल्लाको प्राथमिक कफि बाली छनौट गरि अनुरोध पत्र पेश गर्ने निर्णय पारित गरियो।

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा, हरिहरपुरगढी गाउँपालिका शिक्षा समितिको मिति २०८२/१०/२८ गते बसेको बैठकको तपशिल बमोजिमका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

तपसिल

निर्णय नं. १: प्रस्ताव नं. १ माथि छलफल गर्दा यस हरिहरपुरगढी गाउँपालिका भित्र सञ्चालित कक्षा ८ र १० मा अध्यापन गर्ने विद्यार्थिको लागि कोचिङ कक्षा सञ्चालन गर्नको लागि वार्षिक वजेट तथा निति कार्यक्रममा विनियोजित बजेटको परिधिमा रहि फागुन १ गते देखि लागु हुने गरि बढिमा ४० दिनको लागि कक्षा ८ र १० अंग्रेजी विज्ञान गणित विषयको कोचिङ सञ्चालन गर्नको लागि सूचना प्रकाशन गरि सम्झौताको लागि विद्यालयहरुलाई आव्हान गर्ने निर्णय गरि अनुमोदनको लागि कार्यापालिकाको वैठकमा पेश गर्ने निर्णय पारित गरियो ।

निर्णय नं २.प्रस्ताव नं २ माथि छलफल गर्दा यस हरिहरपुरगढी गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालय र सामुदायिक सिकाईकेन्द्रको आ व २०८१ /०८२ को अन्तिम लेखपारिक्षण गर्न

CamScanner

कार्यपालिका बैठक
मिति २०८२/१०/२९
संख्या: ७-२०८२/०८३

हरिहरपुरगढी गाउँपालिकाको आर्थिक नियमानुसार सूचिकृतहुने लेखपारिक्षक हरुलाई तपसिलको विद्यालय लेखपारिक्षण गर्न दिने र सो लेखापरिक्षण प्रतिवेदन चैत्र मसान्त भित्र शिक्षा युवा तथा खेलकुद शाखामा बुझाउने निर्णय गरि कार्यापालिकाको बैठकमा अनुमोदनको लागि पेश गर्ने निर्णय पारित गरियो।

| क्र.स. | लेखापरिक्षकको नाम | ठेगाना | लेखापरिक्षकको लागि तोकिएको विद्यालयहरु | | |
|---|---|---|---|---|---|
| १ | आर. बस्नेत एसोशिएट्स् | मनथली न.पा. ४,रामेछाप | महाकुशेश्वर प्रा वि पुरानोगाउँ | जनकल्याण प्रा.वि.जरायोटार | |
| २ | अच्युत ढकाल एण्ड एसोशिएट्स् | किर्तिपुर न.पा.-२,काठमाण्डौ | कुशेश्वर मा.वि. ढ्स्पार | | |
| ३ | आर.एन.एण्ड कम्पनी | सुर्यविनायक न.पा.-३,भक्तपुर | जनप्रभात नि.मा.वि. चैनपुर | | |
| ४ | रघुनाथ एण्ड कम्पनी | कागेश्वरी मनहरा-६ काठमाण्डौ | पाँचकन्या प्रा व झ्प्सी | | |
| ५ | आर पि उप्रेती एण्ड कम्पनी | जानकी न.पा-१,सर्लाही | कालिका प्रा वि सिमरास | | |
| ६ | अमिर मास्के एण्ड एसोशिएट्स् | तार्केश्वर न.पा-७ | सरस्वती शिशु वाल प्रा वि जमुने | तिनकन्या प्रा वि ताप्केडाँडा | |
| ७ | वि. काएस्थ एण्ड कम्पनी | चाँगुनारायण न.पा-६,भक्तपुर | कुण्डेश्वरी प्रा वि कुण्ड | जनता प्रा वि राँगेचुरी | |
| ८ | जे.के. एण्ड एसोशिएट्स् | विराटनगर-४ मोरङ | जनप्रगती प्रा वि बसेरी | प्रा वि बसन्तपुर | |
| ९ | दाहाल एन.पि.एण्ड एसोशिएट्स् | क.न.पा-५ मधुटार | जनता मा वि बखफर | | |
| १० | गोपाल राउत एण्ड एसोशिएट्स् | विराटनगर-11,मोरङ | मन्जेश्वरी प्रा वि चिसापानी | | |
| ११ | वि थाप एण्ड एशोसिएट्स | नागर्जुन-९ काठमाण्डौं | जनप्रिय प्रा वि काँसभकार | | |
| १२ | टि के एस एशोसिएट्स | सानोठिमी भक्तपुर | जनकल्याण प्रा वि सानोधुम्मे | | |
| १३ | एस के वि एण्ड एशोसिएट्स | कमलामाई-६ | बालविकास प्रा वि हातिदमार | पिपलमाढी सिकाईकेन्द्र | |
| १४ | मुकुन्द एशोसिएट्स | पाखिवास-१० धनकुटा | कुन्तेश्वरी प्रा वि क्यानभुताहा | | |
| १५ | ढकाल जि पि एण्ड एशोसिएट्स | कमालामाई-६,सिन्धुली | काकेश्वर प्रा वि कौवाडाँडा | नमोबुद्ध सिकाईकेन्द्र | |
| १६ | सिवि एण्ड एशोसिएट्स | कमालामाई-४,सिन्धुली | प्रा वि पेलुङ्गे सेपाहा | | |
| १७ | डि वि एण्ड एशोसिएट्स | काठमाण्डौ-३१ | बनठाकुर प्रा वि आहालडाँडा | सृजनशिल वा वि भलखडा | |

CamScanner

कार्यपालिका बैठक
मिति २०८२/१०/२९
संख्या: ७-२०८२/०८३

| क.स. | लेखापरिक्षकको नाम | ठेगाना | लेखापरिक्षकको लागि तोकिएको विद्यालयहरु | | |
|---|---|---|---|---|---|
| १८ | एडी एण्ड एशोसिएट्स | कमलामाई-४,सिन्धुली | धनेश्वर प्रा वि ढाँडखोला | शिशु प्रा वि सानोकौवा | - मा वि महेन्द्रझ्याडी<br>- जनहित मा वि बोटेनी<br>- मा वि कर्मीडाँडा चिसापानी<br>- भानुभक्त मा वि तिनकुना<br>- हरिहरपुर मा वि घण्टे |
| १९ | डी अधिकारी एण्ड एसोसिएट्स | कमलामाई-५,सिन्धुली | प्रा वि रौंगेदोभान | | |
| २० | ए चौधरी एसोसिएट्स | नयाँबानेश्वर-१० काठमाण्डौ | बालकल्याण प्रा वि धनमनाखोला | | |
| २१ | एम के श्रेष्ठ एण्ड एसोसिएट्स | कमलामाई-४,सिन्धुली | जनज्योती नि मा वि हाकपारा | जनजागृती नि मा वि बन्चरे | |
| २२ | वद्री एण्ड एसोसिएट्स | कमलामाई-४,सिन्धुली | जनता आ वि रतनपुर | जिवनज्योती आ वि जितपुरडाँडा | |
| २३ | के आर के स एण्ड एसोसिएट्स | कमलामाई-६,सिन्धुली | कालिका प्रा वि कोक्टी | | |
| २४ | रोहित एण्ड एसोसिएट्स | कमलामाई-६,सिन्धुली | क्यानेश्वर मा वि पानतले | जनप्रेमी प्रा वि ढारखोला | |
| २५ | एन एल पी एण्ड एसोसिएट्स | काठामाण्डौ-६ | जनज्योती आ वि धिमिलेडाँडा | | |
| २६ | डि वि सापकोटा एण्ड एशोसिएट्स | कमलामाई-६,सिन्धुली | नि मा वि बसेरी | उपकार सिकाईकेन्द्र | |
| २७ | एण्डी श्रेष्ठ एण्ड एसोसिएट्स | कमलामाई-४,सिन्धुली | देवि प्रा वि दुविगोरण | | |
| २८ | श्री कोईराला एण्ड एसोसिएट्स | काठमाण्डौ | प्रा वि जुटपानी | | |
| २९ | राजेन्द्र के श्रेष्ठ एसोसिएट्स | सुर्यविनायक न.पा.-१,भक्तपुर | जनज्योती प्रा वि चिसापानी | | |
| ३० | यु के एण्ड कम्पनी | धुलिखेल-७,काभ्रेपालाञ्चोक | कुशेश्वर आ वि कुशदमार | | |
| ३१ | सोम बहादुर वस्नेत | काठमाण्डौ-१० | सम्झना प्रा वि गुर्जीडाँडा | | |
| ३२ | एम पि पौडेल एण्ड एसोसिएट्स | कमलामाई-६,सिन्धुली | जनकल्याण नि मा वि ककरे | समाजसुधार सिकाईकेन्द्र | |
| ३३ | एम पि ढुङ्गेल एण्ड कम्पनी | काठमाण्डौ- ३४ | ब्रम्हेश्वर प्रा वि केवलचुली | | |

CamScanner

कार्यपालिका बैठक
मिति २०८२/१०/२९
संख्या: ७-२०८२/०८३

| क्र.स. | लेखापरिक्षकको नाम | ठेगाना | लेखापरिक्षकको लागि तोकिएको विद्यालयहरु | | |
|---|---|---|---|---|---|
| ३४ | बि एण्ड टि ओ कम्पनी | राधेराधे भक्तपुर | महादेव प्रा वि पर्तानी | | |
| ३५ | हरि एण्ड एसोसिएट्स | काठमाण्डौ | ज्ञानोदय प्रा वि बढारे | | |
| ३६ | लवजु एसोसिएट्स | भक्तपुर-८ जगाती | डेन्साङ प्रा वि चायाचुटी | | |
| ३७ | विनोद अधिकारी एण्ड एसोसिएट्स | कमलामाई-६,सिन्धुली | मनकामना प्रा वि जखौली | पर्ताजमुने सिकाईकेन्द्र | |
| ३८ | नेत्र कार्की एण्ड एसोसिएट्स | गोलोन्जोर-३,सिन्धुली | जनविकास प्रा वि बन्चरे | छारमेन्दो सिकाईकेन्द्र | |

निर्णय नं ३ प्रस्ताव नं ३ माथि छलफल गर्दा यस आ व २०८२/०८३ मा संघिय सरकार बाट हस्तान्तरित कार्यक्रम विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत विद्यालय विद्यालयमा भर्चुअल शिक्षण, इलर्निङ पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालनका लागि विद्यालयबाट कार्यक्रम कार्यान्वयन पुस्तिकमा निर्देशित गरे बमोजिम सामुदायिक विद्यालयहरुलाई १५ दिने सूचना प्रकाशित गरि प्रस्तावना माग गर्ने निर्णय पारित गरियो ।

निर्णय नं ४ प्रस्ताव नं ४ माथि छलफल गर्दा हरिहरपुरगढी गाउँपालिकाको वार्षिक निति तथा बजेट किताबमा माध्यमिक तह सञ्चालित विद्यालयको लागि म्याथ ल्याव निर्माण गर्नको लागि बजेट विनियोजन गरिएकोले उक्त कार्यक्रम कार्यान्वयन गर्नको लागि तपसिलको विद्यालयहरुलाई म्याथ ल्याव निर्माण प्रयोजनार्थ तपसिल बमोजिमको रकम विद्यालयको खातामा एकमुष्ट अनुदान स्वरुप दिने निर्णय गरि कार्यापालिकाको बैठकमा अनुमोदनको लागि पेश गर्ने निर्णय पारित गरियो ।

तपसिल

| क्र स | विद्यालयको नाम | कार्यक्रमको नाम | निकासा दिनु पर्ने रकम | कैफीयत |
|---|---|---|---|---|
| १ | जनहित माध्यमिक विद्यालय बोटेनी | म्याथ ल्याव सामाग्री निर्माण | ५००००।- | |
| २ | मा वि महेन्द्रझ्याडी | म्याथ ल्याव सामाग्री निर्माण | ५००००।- | |
| ३ | जनता मा वि बखफर | म्याथ ल्याव सामाग्री निर्माण | ५००००।- | |
| ४ | क्यानेश्वर मा वि पानतले | म्याथ ल्याव सामाग्री | ५००००।- | |

| क्र स | विद्यालयको नाम | कार्यक्रमको नाम | निकासा दिनु पर्ने रकम | कैफीयत |
|---|---|---|---|---|
| | | निर्माण | | |
| ५ | कुशेश्वर मा वि ढप्सार | म्याथ ल्याव सामाग्री निर्माण | ५००००।- | |
| ६ | भानुभक्त मा वि तिनकुना | म्याथ ल्याव सामाग्री निर्माण | ५००००।- | |
| ७ | हरिहरपुर मा वि घण्टे | म्याथ ल्याव सामाग्री निर्माण | ५००००।- | |
| ८ | मा वि कर्मीडाँडा चिसापानी | म्याथ ल्याव सामाग्री निर्माण | ५००००।- | |

निर्णय नं ५ प्रस्ताव नं ५ माथि छलफल गर्दा हरिहरपुरगढी गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालय कक्षा १-३ को लागि कार्यसञ्चायिका/पोर्टफोलियो छपाईको लागि रु ५,००,०००/- (पाँच लाख) विनियोजन गर्नको लागि कार्यापालिका मार्फत गाउँसभाबाट बजेट विनियोजन गर्नभनि सर्वसम्वत बाट निर्णय पारित गरियो ।

१३. **प्रस्ताव नं. १३ विविध माथि छलफल गर्दा,** यस हरिहरपुरगढी गाउँपालिका गाउँ कार्यापालिका कार्यालयको मिति २०८२/०७/०२ गते प्रकाशित विज्ञापन न.१६/२०८२/०८३, रोजगार संयोजक पदको परिक्षा संचालनको लागी **रोजगार संयोजकको पदपुर्ती र सेवा सुविधा सम्बन्धी मापदण्ड,** २०७६ को मापदण्ड नं. ६ अनुसारको पदपुर्ती समिति गठन गर्नको लागि संयोजकको रुपमा जिल्ला समन्वय समिति, सिन्धुलीका जिल्ला समन्वय अधिकारी (रा.प. द्वितिय श्रेणी) लाई संयोजकको रुपमा एवं मरिण गाउँपालिका, सिन्धुलीमा कार्यरत रोजगार संयोजक पन्च माया योन्जनलाई विज्ञ सदस्यको रुपमा तोकी पठाइदिन सम्वन्धित कार्यालयमा अनुरोध गरि पठाउने निर्णय गरियो।

१४. प्रस्ताव नं. १४ माथि छलफल गर्दा, आ.व. २०८२/०८३ मा यस हरिहरपुरगढी गाउँपालिकाको लागि प्रदेश र संघीय अनुदानबाट स्रोत सुनिश्चितता भएका योजना तथा कार्यक्रमको तत्काल सम्झौता गर्न पहल गर्ने एवं सम्झौता भएका योजना तथा कार्यक्रमको तदारुकताका साथ कार्यान्वयन एवं अनुगमन गर्न समन्वय र सहयोग गर्ने निर्णय गरियो।

१५. प्रस्ताव नं १५ माथि छलफल गर्दा उद्योग बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय हेटौडाबाट आ व २०८२।०८३ मा झनझने बजार केन्द्र विकास तथा प्रवर्द्धनको लागि विनियोजित

रकम रु २२,५०,०००।- यस हरिहरपुरगढी गाउँपालिका वडा नं २ स्थित चैनपुर बजार क्षेत्रको एलानी जग्गा ०-३-०-० (तीन कट्ठा) जग्गा उपलब्ध गराउने निर्णय गरियो।

१६. प्रस्ताव नं १६ विविध (क) माथि छलफल गर्दा, यस हरिहरपुरगढी गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेको खानेपानी योजनाहरु विद्युत महशुल तिर्न नसक्दा बन्द रहेकोले पुनः सञ्चालन गर्नको उक्त खानेपानी योजनाहरुको विद्युत महशुल एक पटकको लागि बिल अनुसारको रकम नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी दिने निर्णय गरियो।

CamScanner